# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

**SHINE RESUNGA DEVELOPMENT BANK LTD.**

**रजिष्टर्ड कार्यालयः**

बुटवल-८, रूपन्देही, फोनः ०७१-५५१५००/५५१४९८, फ्याक्सः. ०७१-५५१४९७

E-mail: info@srdb.com.np, URL: www.srdb.com.np


को

## बोनस शेयर जम्मा गरीएको तथा बोनस शेयर बापतको कर रकम जम्मा गर्ने बारेको सूचना

यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०७३/८/२९ गते सम्पन्न आठौं बार्षिक साधारण सभाबाट पारित भएको २७ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सुचिकृत तथा दर्ता भई अभौतिक रूपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराईन्छ ।

मिति २०७३/८/१४ गतेसम्म आफ्नो शेयर अभौतिकीकरण गराएका शेयरधनीको बोनस शेयर निजहरूको हितग्राही खातामा जम्मा गरीसकेको तथा सो मिति पश्चात् शेयर अभौतिकीकरण गराएका शेयरधनीहरूको बोनस शेयर समेत हितग्राही खातामा जम्मा हुने व्यवस्था गरिएको हँदा हालसम्म शेयर अभौतिकीकरण नगर्नु भएका शेयरधनी महानुभावहरूले शेयर रजिष्ट्रार श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखि आफ्नो शेयर अभौतिकीकरण गराई बोनस शेयर समेत आफ्नो हितग्राही खातामा प्राप्त गर्न सकिने ब्यहोरा जानकारी गराईन्छ ।

साथै, यस डेभलपमेण्ट बैंकको संस्थापक/सर्वसाधारण शेयरहरू मिति २०७३/२/२९ गते पश्चात खरिद गर्नु भएका शेयरधनी महानुभावहरूलाई बैंकले प्रदान गरेको उक्त बोनस शेयरमा कर लाग्ने हुँदा कर बापतको रकम यस डेभलपमेण्ट बैंकको केन्द्रिय कार्यालय लगायत शाखा कार्यालयहरूमा वा शेयर रजिष्ट्रार श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडमा रकम जम्मा गरी आफ्नो हितग्राही खातामा बोनस शेयर प्राप्त गर्न सकिने ब्यहोरा अनुरोध गरिन्छ ।

शेयरधनीहरूले बोनस शेयर बापत तिर्नु पर्ने कर रकम सम्बन्धी विवरण यस डेभलपमेण्ट बैंकको website: www.srdb.com.np वा शेयर रजिष्ट्रारको website : www.niblcapital.com बाट प्राप्त गर्न सकिने छ ।

**पुनश्च** : मिति २०७३/८/१४ गतेसम्म यस डेभलपमेण्ट बैंकको शेयर धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरूको बोनस शेयर कर्जा प्रवाह गर्ने सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूको नाममा नै रोक्का जनाईएको ब्यहोरा जानकारी गराईन्छ । उक्त मिति पश्चात् शेयर रोक्का राखी कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरूको नाममा बोनस शेयर रोक्का नरहने हुँदा आवश्यक प्रकृया पुरा गर्नुहुन समेत यसै सूचनाबाट सूचित गराईन्छ ।

**शेयर रजिष्ट्रार**


NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल

फोनः ४००५०८०, फ्याक्सः ४००५०८४

Email: info@niblcapital.com

Website: www.niblcapital.com